नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०५।३१

## तनहुँ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रण सम्बन्धमा मिति २०७८।०५।३० गते बसेको जिल्ला कोभिड व्यवस्थापन समितिको बैठकले कोभिड-१९ को जोखिम अझै कमी नभएको अवस्थालाई ध्यानमा राखि उक्त निषेधाज्ञाको आदेशलाई निरन्तरता दिन सिफारिस गरेको समेतका आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णय, कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३, संक्रमक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार प्रयोग गरि यस अघि जारि गरेको निषेधाज्ञाको आदेशलाई निरन्तरता दिंदै मिति २०७८।०६।१२ गते राती १२:०० बजे सम्म तनहुँ जिल्ला भर लागु हुने गरि देहायको आदेश बमोजिमको निषेधाज्ञा जारी गरिएको छ । यो आदेश कडाईका साथ पालना गर्नु गराउनु सबै व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ । यदि कोही कसैबाट यो आदेशको उल्लंघन भएमा कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७८ तथा स्थानीय प्रशासन ऐन, २०२८, संक्रमक रोग ऐन, २०२० बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

### तपसिल

(क) भौतिक रुपमा उपस्थित भई गरिने सबै प्रकारका सभा, सम्मेलन, प्रदर्शन, भेला, जात्रा तथा महोत्सव सञ्चालन नगर्ने/नगराउने । तर कानून बमोजिम गर्नै पर्ने साधारण सभा/सम्मेलन/अधिवेशनको हकमा नेपाल सरकारबाट निर्धारित जनस्वास्थ्यका मापदण्ड पालना गर्ने / गराउने सुनिश्चितता गरि जिल्ला कोभिड-१९ व्यवस्थापन समितिलाई अग्रिम जानकारी गराई सञ्चालन गर्न सकिने ।

(ख) शैक्षिक संस्थाहरुमा (विद्यालयल / कलेज ) भौतिक उपस्थितिमा पठन / पाठन गर्न / गराउन "विद्यालय सिकाई सहजीकरण निर्देशिका, २०७७" र "कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८", मा उल्लेखित सूचक अनुसार जोखिमको स्कोरिङ तथा विश्लेषण गरि विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा स्थानीय तहको निर्णय अनुसार आवश्यक व्यवस्थापन गर्न/गराउन सक्ने ।

(ग) "कोभिड-१९ संक्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८", मा उल्लेखित सूचक अनुसार जोखिमको स्कोरिङ तथा विश्लेषण गर्दा सञ्चालन गर्न सकिने अवस्था देखिएमा स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरि २५ जना भन्दा नबढ्ने गरि न्यूनतम सहभागितामा तालिम तथा प्रशिक्षणकका कार्यक्रम सञ्चालन गर्न/गराउन सक्ने ।

२०७८।५।३१

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५ ५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७८।०५।३१

(घ) सवारी साधनहरुले सिट क्षमता भित्र रहि अनिवार्य रुपमा सबै यात्रीले मास्क लगाउने, चालक, सहचालकले मास्क, फेससिल, पन्जा लगाउने, गाडीको ढोकामा स्यानीटाइजर राख्ने र प्रयोग गर्ने लगायत स्वास्थ्य र सुरक्षाका मापदण्ड अपनाई सञ्चालन गर्ने/गराउने ।

(ङ) पार्टी प्यालेसको हकमा स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरि कूल क्षमताको ५०% मा नबढ्ने गरि बेलुका ६:०० बजे भित्र मात्र सञ्चालन गर्ने/गराउने ।

(च) रेष्टुरेण्टहरु बेलुका ९:०० बजे सम्म स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरि संचालन गर्ने/गराउने । अन्य संचालन गर्न अनुमति दिईएका सेवा तथा व्यवसाय बेलुका ७:०० बजे सम्म मात्र संचालन गर्ने/गराउने ।

(छ) होटल, रेष्टुरेण्ट, पसल, उद्योग/व्यवसाय लगायत अन्य जुनसुकै कार्य वा गतिविधि सञ्चालन गर्दा मास्कको अनिवार्य प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, भिडभाड नहुने सुनिश्चितता सम्बन्धित व्यवसायी वा सञ्चालकले गर्ने । जनस्वास्थ्यका मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिको सिफारिसमा त्यस्ता पसल/व्यवसायलाई निषेधाज्ञा अवधिभर बन्द गर्ने/गराउने ।

(ज) परीक्षाहरु तोकीएको स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने/गराउने गरि सञ्चालन गर्ने गराउने ।

(झ) अनावश्यक रुपमा घर बाहिर ननिस्कने, निस्कनै पर्ने भएमा घर बाहिर सार्वजनिक स्थलमा बस्दा वा हिडडुल गर्दा नाक र मुख राम्ररी बन्द गरि अनिर्वाय रुपमा मास्क लगाउने ।

(ट) भारत र अन्य मुलुकबाट तनहुँ जिल्लामा आउने व्यक्तिले अनिवार्य रुपमा १० दिन क्वारेण्टाईनमा राख्ने, राख्न लगाउने ।

(ठ) कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contract Tracing) परेका व्यक्तिहरुको नि:शुल्क एन्टिजेन्ट तथा पिसिआर परिक्षणको व्यवस्था स्थानीय तह/अस्पातालले मिलाउने ।

(ड) संक्रमणमा घट/बढ भएमा प्र.जि.अ. ले जुनसुकै बेला आदेशमा पुनरावलोकन गरि तत्काल आदेश जारि गर्ने ।

(ढ) परीक्षाहरु तोकीएको स्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गर्ने/गराउने गरि सञ्चालन गर्ने गराउने ।

२०७८।५।३१

(चित्राङ्गत बराल )

निमित्त प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी